# संघीय संसद
# प्रतिनिधि सभा

**एघारौं अधिवेशन**
**बैठक संख्या - ३९**

## दैनिक कार्यसूची

२०७९ असार २९ गते

**बुधबार**

बिहान ११:०० बजे

### सन्देशको जानकारी

१. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पति भएको "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

### उपसभामुख पदको निर्वाचनको दिन र समय तोकिने

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचनको लागि दिन र समय तोक्नु हुने ।

### व्यवस्थापन कार्य

३. "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवाल, मा० श्री शेरबहादुर तामाङ र मा० डा० भीमबहादुर रावलले प्रस्तुत गर्नुभएको विरोधको सूचनाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

४. मा० गृह मन्त्री श्री वालकृष्ण खांणले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" पेश गर्नुहुने ।

५. मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल रेल्वे विधेयक, २०७९" माथि प्राप्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

७. मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इस्तियाक राईले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल रेल्वे विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

८. मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

९. राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" माथि प्राप्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

१०. मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले :-

(क) राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

११. राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि प्राप्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

१२. मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव